**स्थानीय तहको समन्वय र साझेदारीमा विद्यालय समायोजन/एकिकरण गरी पायक पर्ने माध्यमिक विद्यालयलाई आधारभूत पूर्वाधार सहित ठूला विद्यालय विकास गर्न गुरुयोजना/DPR तयारी कार्यक्रम कार्यान्वयन गर्नका लागि प्रकाशित सार्वजनिक सूचना**

सूचना प्रकाशन मिति : २०७७/०९/०९

स्थानीय तहको समन्वय र साझेदारीमा विद्यालय समायोजन/एकिकरण गरी पायक पर्ने माध्यमिक विद्यालयलाई आधारभूत पूर्वाधार सहित ठूला विद्यालय विकास गर्न गुरुयोजना (DPR) तयारी कार्यक्रम कार्यान्वयन गर्नका लागि यस प्रदेशबाट तीन वटा विद्यालयहरु छनौट गरी ठूला विद्यालय विकास गर्न गुरुयोजना (DPR) तयार गर्नका लागि यस प्रदेशका ईच्छुक स्थानीय तहहरुले निम्न कागजातहरु संलग्न गरी सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र यस मन्त्रालयमा निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**ठूला विद्यालय विकासका लागि विस्तृत परियोजना प्रतिवेदन (DPR) निर्माण कार्यका लागि पेश गर्नुपर्ने आवश्यक कागजातहरु:**

क) तोकिए बमोजिम विद्यालयको नाममा रहेको जग्गाको जग्गा धनी प्रमाण पुर्जा । कारणवस स्थापनाकालदेखि नै सार्वजनिक वा ऐलानी जग्गामा विद्यालय स्थापना भई सञ्चालनमा रहेको कुनै सामदायिक माध्यमिक विद्यालयको आफ्नै स्वामित्त्वमा जग्गा नभएको अवस्थामा त्यस्ता विद्यालयको हकमा भोगाधिकार सम्बन्धी कागजात संलग्न गर्नुपर्नेछ ।

ख) ठूला विद्यालयको रुपमा विद्यालय विकास गर्न इच्छुक माध्यमिक विद्यालयले आफ्नो सेवा क्षेत्रभित्र कम्तीमा २००० विद्यार्थी पुग्ने सुनिश्चितता समेतको प्रतिवद्धता सहितको विद्यालय व्यवस्थापन समितिको निर्णय प्रतिलिपी ।

ग) जनसंङ्ख्या, भूगोल र पहुँच समेतलाई आधार मानी सेवा क्षेत्रभित्रका सबै प्रकारका बालवालिकाहरुको शिक्षा प्रदान गर्न सक्ने सम्भावना रहेको विद्यालय भनी स्थानीय तहबाट भएको निर्णय सहितको सिफारिस पत्र ।

घ) सम्बन्धित स्थानीय तहबाट विद्यालयको विकास र सञ्चालनमा आवश्यक सहयोग र समन्वय गर्ने सिफारिस पत्र ।

ङ) ठूला विद्यालय स्थापना हुँदा उक्त विद्यालयमा समायोजन तथा एकिकरण हुनसक्ने इच्छुक विद्यालयहरुको सहमति पत्र सहितको सूची ।

च) विद्यालयको भौगोलिक अवस्थिति, बाढी, पहिरो, भू-क्षय लगायत प्राकृतिक प्रकोपका दृष्टिले जोखिमपूर्ण अवस्थामा नरहेको हुनुपर्नेछ । कुनै विद्यालय जोखिमपूर्ण स्थानमा छ वा छैन भन्ने विषयमा स्थानीय तहको भूमि सम्बन्धी काम गर्न तोकिएको निकायको प्राविधिकको राय समेतका आधारमा स्थानीय विपद् व्यवस्थापन समितिको निर्णय पेश गर्नुपर्नेछ ।

छ) शैक्षिक सत्र २०७७ को प्रमाणित तथ्याङ्क विवरण (मुख्य विद्यालय र एकिकरण/समायोजन हुन चाहने विद्यालयको समेतको)

**नोट : निवेदनको ढाँचा एवम् मूल्याङ्कनका आधारहरु यस मन्त्रालयको वेभसाइट www.mosd.gandaki.gov.np बाट प्राप्त गर्न सकिनेछ ।**

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय

उप सचिव